# बागचौर नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः ९ संख्याः २ मितिः २०८२/०३/३० गते**

## भाग-२

## बागचौर नगरपालिका

## सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान कार्यान्वयनका लागि शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि – २०८२

नगरसभाबाट स्वीकृत मिति :-२०८२/०३/३० गते

राजपत्रमा प्रकाशित मिति :-२०८२/०३/३१ गते

**प्रस्तावना :**

आधारभूत सेवाको विकास र आपुर्ती तथा सामाजिक रुपान्तरण मार्फत विभेद र बन्चितीमा परेका वर्ग, समुदायको उत्थान र विकास गर्नका लागि सङ्घीय तथा प्रदेश सरकारबाट यस नगरपालिकालाई उपलब्ध गराएको बिशेष अनुदान सम्बन्धी कार्यकमहरुलाई प्रभावकारी कार्यान्वयन गर्नका साथै यस नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुको समग्र शैक्षिक गुणस्तर अभिबृद्धि गर्न तथा शैक्षिक क्षेत्रमा संग्लन जनशक्तिहरुलाई समुचित रुपमा परिचालन गर्न र उपलब्ध साधन स्रोतको समुचित परिचालन गरी शैक्षिक सुधारका लागि नगरपालिकाबाट प्रदान गरिने शैक्षिक अनुदान कार्यकमहरुलाई अनुमानयोग्य, पारदर्शी, नतिजामुलक बनाई गुणस्तरीय शैक्षिक सेवा प्रवाह गरि नेपालको वर्तमान संबिधान-२०७२ ले व्यवस्था गरेको

शिक्षा सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्नका साथै अनिवार्य तथा निशुल्क शिक्षा ऐन-२०७५ तथा अनिवार्य तथा निशुल्क शिक्षा नियमावली-२०७७ बमोजिम शिक्षामा सबैको समान पहुच, समता, गुणस्तर, सान्दर्भिकता, संस्थागत सक्षमता, उत्थानशीलता र शैक्षिक सुशासन कायम गर्न नेपालको वर्तमान संबिधान-२०७२ को अनुसूची-८ को क्रमांक -८ बमोजिमको स्थानीय तहलाई प्राप्त आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि बागचौर नगरपालिकाको स्थानीय शिक्षा ऐन -२०७५ (संशोधन सहित) को परिच्छेद-८ को दफा ४२ को (क), दफा ४३ र दफा ४८ को उपदफा (३) तथा बागचौर नगरपालिकाको स्थानीय शिक्षा नियमावली-२०८० (संशोधन सहित) को परिच्छेद-१५ को नियम-८१ लाई प्रभावकारी कार्यान्वयन गर्नका लागि बागचौर नगरपालिकाको स्थानीय शिक्षा ऐन-२०७५ (संशोधन सहित) को दफा ६२ एवं नियमावलीको नियम १०६ तथा स्थानीय सरकार संचालन ऐन -२०७४ को दफा ११(२) (ठ) ले समेत दिएको अधिकार प्रयोग गरि नगर सभाको मिति २०८२/०३/३० गतेको सभाबाट स्वीकृत गरी यो **शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि – २०८२** बनाइएको छ ।

## परिच्छेद -एक

## प्रारम्भिक

**१. कार्यविधिको नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम **"शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि – २०८२"** रहेको छ ।

(ख) यो कार्यविधि बागचौर नगरपालिकामा संचालन रहेका सामुदायिक विद्यालयहरुमा लागु हुने गरि नगरसभाबाट पारित भइ राजपत्रमा प्रकाशित भएको मितिदेखी तुरुन्तै लागू हुनेछ ।

**२. उद्देश्यः**

(क) सङ्घीय तथा प्रदेश सरकारबाट यस नगरपालिकालाई चालु आर्थिक वर्ष २०८२/०८३ उपलब्ध गराएको बिशेष अनुदान सम्बन्धी कार्यकमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न |

(ख) आधारभूत सेवाको विकास र आपुर्ती तथा सामाजिक रुपान्तरण मार्फत विभेद र बन्चितीमा परेका वर्ग, समुदायको उत्थान र विकास गरि नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक तथा भौतिक पूर्वाधार विकास, फर्निचर लगायत अन्य भौतिक सामग्री खरिद तथा व्यवस्थापनका साथै समग्र शैक्षिक गुणस्तर अभिबृद्धि गर्न तथा शैक्षिक क्षेत्रमा संग्लन जनशक्तिहरुलाई समुचित रुपमा परिचालन गर्न

(ग) विद्यालयमा उपलब्ध साधन स्रोतको समुचित परिचालन गरी शैक्षिक सुधारका लागि नगरपालिकाबाट समेत प्रदान गरिने शैक्षिक अनुदान कार्यकमहरुलाई अनुमानयोग्य, पारदर्शी, नतिजामुलक बनाई गुणस्तरीय शैक्षिक सेवा प्रवाह गर्न |

(घ) नगरबासीहरुको सामुदायिक विद्यालय प्रतिको दृष्टिकोण सकारात्मक, सहयोगात्मक र सहकार्यात्मक ढंगबाट अगाडी बढाउनु |

**३. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **“विद्यालय”** भन्नाले बागचौर नगरपालिका क्षेत्रभित्र रहेका नेपाल सरकारको अनुमती तथा स्वीकृति प्राप्त सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

(ख) **“शिक्षा समिति”** भन्नाले बागचौर नगरपालिकाको माध्यमिक तहसम्मको शिक्षा ऐन-२०७५ (दोस्रो संसोधन सहित) को परिच्छेद २ को दफा -११ बमोजिम गठित नगरपालिकाको नगर शिक्षा समिति सम्झनुपर्छ ।

(ग) **“नगरपालिका”** भन्नाले बागचौर नगरपालिका, सल्यानलाई सम्झनु पर्दछ ।

(घ) **“सभा”** भन्नाले बागचौर नगरपालिकाको नगरसभा लाई सम्झनु पर्दछ ।

(ङ) **“कार्यपालिका”** भन्नाले बागचौर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(च) **“शिक्षक सेवा आयोग”** भन्नाले नेपाल सरकारको शिक्षक सेवा आयोगलाई जनाउनेछ ।

(छ) **“विशेष अनुदान”** भन्नाले संघीय तथा प्रदेश सरकारबाट स्थानीय तह अन्तर्गतका सामुदायिक विद्यालयहरुको शैक्षिक सुधार गर्ने उदेश्यले स्वीकृत गरिएको यस कार्यविधिमा उल्लेखित अनुदान रकम सम्झनुपर्छ ।

(ज) **“विद्यालय व्यवस्थापन समिति”** समिति भन्नाले बागचौर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा गठित विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(झ) **"प्रधानाध्यापक"** भन्नाले बागचौर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा प्रशासकीय तथा प्रमुख जिम्मेवारीमा रहेको शिक्षकलाई सम्झनुपर्छ ।

## परिच्छेद -दुइ

## विद्यालयमा दिइने अनुदानका आधारहरु

**३. विद्यालयलाई दिइने अनुदान सम्बन्धी व्यवस्था :**

(क) संघीय तथा प्रदेश सरकारबाट चालु आर्थिक वर्ष २०८२/०८३ मा प्राप्त भएको विशेष अनुदान कार्यकम मार्फत संचालन हुने बिभिन्न कार्यकमहरु संचालनका लागि स्थानीय तह मार्फत विद्यालयहरुमा शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिबृधि गर्न सङ्घीय तथा प्रदेश सरकारको विशेष अनुदान सम्बन्धी कार्यविधि-२०८१ उल्लेखित मापदण्डका साथै विद्यालयको फर्निचर निर्माण, शैक्षिक सामग्री खरिद तथा वितरण, कम्प्युटर खरिद तथा मर्मत, डिजिटल बोर्ड निर्माण तथा मर्मत, विज्ञान प्रयोगशाला उपकरण सामग्री खरिद तथा व्यवस्थापन, पुस्तकालय, शौचालय, खानेपानी, घेरबार पर्खाल जस्ता पुरक शैक्षिक पूर्वाधार निर्माण तथा विकास गर्नका साथै नगरपालिका भित्रका (दलित, जनजाती, वादी समुदाय, अल्पसंख्यक, लोपोन्मुख तथा पिछडिएको समुदाय लक्षित वर्गका बालबालिकाहरु सहित अन्य गरिबीको रेखामुनि रहेका सबै बिद्यार्थीहरुका लागि पोषाक, दिवा खाजा, छात्रबृति लगायत विद्यालयमा शैक्षिक सुधारका लागि गरिने बिभिन्न प्रकारका शिक्षकको पेसागत विकास, अध्ययन अवलोकन, अनुसन्धान सहित सूचना प्रबिधिको अधिकतम प्रयोग मार्फत नगर क्षेत्र भित्रका सबै विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण गरि शैक्षिक गुणस्तर सुधार गर्ने लगयातका उदेश्य

राखी बागचौर नगरपालिकाको नगरसभाबाट स्वीकृत गरिएको कार्यकमहरु यो कार्यविधि बमोजिम हुनेछन।

(ख) यसरी नगर सभाबाट विनियोजित बजेट तथा कार्यक्रमलाई नगरकार्यपालिका तथा शिक्षा,युवा तथा खेलकुद शाखा एवं नगर भित्रका सम्बन्धित सामुदायिक विद्यालयले तोकिएको कार्यकम तथा शिर्षकमा मात्र खर्च गर्नुपर्नेछ । अनुदान प्राप्त साथै विद्यालयहरुले तोकिएको शीर्षकमा खर्च नगरी कार्यक्रमको उदेश्य प्राप्त नभएको पाईएमा जुनसुकै बखत पनि अनुदान रोक्का गरिनेछ |

**४. विद्यालयले अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने शर्तहरुः**

अनुदान प्राप्त गर्ने प्रत्येक विद्यालयले देहायका शर्तहरु अनिवार्य पुरा गर्नुपर्नेछ ।

(क) **विद्यालय सुधार योजनाः** प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकीय पक्ष सुधारका कार्यक्रम समेटिएको अध्यावधिक विद्यालय सुधार योजना तयार गरी प्रत्येक वर्ष अध्यावधिक गर्नुपर्नेछ। विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गर्ने विद्यालयलाई मात्रै दफा ३ बमोजिमको अनुदान प्रदान गरिनेछ |

**(ख) लेखा परीक्षण तथा सामाजिक परीक्षणः** प्रत्येक सामुदायिक विद्यालयले हरेक वर्षको वार्षिक आर्थिक कारोबारको नियमित रुपमा लेखापरीक्षण एवं विद्यालयको सम्पुर्ण वार्षिक क्रियाकलापहरुको सामाजिक परीक्षण गरी सोको प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ । लेखापरीक्षण तथा सामाजिक परीक्षणको प्रतिवेदन प्राप्त नभए कुनै पनि प्रकारको अनुदान रकम उपलब्ध गराइने छैन ।

(ग) **विद्यालयको वार्षिक कार्ययोजनाः** विद्यालय सुधार योजनाका आधारमा प्रत्येक विद्यालयले आफ्नो लक्ष्य तथा बजेट सहितको वार्षिक कार्ययोजना तयार गनुपर्नेछ ।

(घ) **प्रतिवेदन संप्रेषणः** प्रत्येक विद्यालयले तोकिएका प्रतिवेदनहरु वार्षिक लेखापरीक्षण प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन, चौमासिक प्रतिवेदन तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

(ङ) **तथ्याङ्क व्यवस्थापनः** प्रत्येक विद्यालयले हरेक शैक्षिक सत्रको सुरुवात तथा अन्तमा तोकिए बमोजिमको एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विद्यालयका सम्पूर्ण विवरण अध्यावधिक गरी सोको प्रमाणित प्रति शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद -तीन

## विशेष अनुदान कार्यक्रमको बजेट बिनियोजन

यस कार्यविधिका आधारमा चालु आर्थिक वर्ष २०८२/०८३ को सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गतको शैक्षिक सुधार कार्यकमलाई देहायका क्रियाकलापहरुमा आधारित रही कार्य सम्पन्न गरिनेछ ।

**(क) सङ्घीय सरकारबाट प्राप्त विशेष अनुदान मार्फत गरिने क्रियाकलापहरु**

संघीय सरकारबाट हस्तान्तरित बिशेष अनुदान रकम रु. १,३०,००,०००/- कार्यान्वयनका लागि क्रियाकलाप अनुसारको बजेट बिनियोजन

| सि न. | क्रियाकलाप | सँख्या | इकाई | बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | सामुदायिक विद्यालयका कक्षा ४ देखि कक्षा ८ सम्मका सबै बिद्यार्थीहरुलाई निशुल्क पोशाक वितरणका लागि पोशाक खरिद तथा वितरण कार्यकम | ३२४० | जना | ३४०० | |
| २. | नगर स्तरीय शैक्षिक क्षेत्रको प्रतिस्पर्धात्मक (अतिरिक्त क्रियाकलाप) संचालन | २ पटक | कार्यक्रम | २०० | |

| सि न. | क्रियाकलाप | सँख्या | इकाई | बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| ३. | "फोहोर कागज रहित विद्यालय","हरित वातावरण मैत्री विद्यालय", पत्रु खाना रहित विद्यालय" र खानेपानी तथा सरसफाइ स्वच्छताका आधारमा "तारा पद्दतिमा आधारित "विद्यालयको बर्गिकरण गर्न कार्यक्रम संचालन तथा सामग्री खरिद | ६ | विद्यालय | ३५० | |
| ४. | चालु आर्थिक वर्ष २०८२/०८३ मा Room to Read अन्तर्गतको (कक्षा १-३)मा साक्षरता कार्यक्रम संचालन गर्न छनौट भएका विद्यालयहरुमा कक्षाकोठा तथा पुस्तकालय | १० | विद्यालय | २६०० | |

| सि न. | क्रियाकलाप | सँख्या | इकाई | बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| | व्यवस्थापनका लागि अनुदान वितरण | | | | |
| ५. | घरका अभिभावकहरुबाट विद्यार्थीहरुलाइ नियमित "चुले सिकाइ कार्यक्रम" अन्तर्गत अभिभावक शिक्षा संचालनका लागि सन्दर्भ सामग्री खरिद तथा तालिम संचालन | १० | विद्यालय | २०० | |
| ६. | कक्षा (६-१२) संचालित विद्यालयका बिद्यार्थीहरुका लागि "परियोजना तथा प्रयोगात्मक कार्य" संचालन गर्न र विद्यालयगत रुपमा उत्कृष्ट विद्यार्थीहरुलाई | २५ | विद्यालय | २५० | |

| सि न. | क्रियाकलाप | सँख्या | इकाई | बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| | पुरस्कार तथा सम्मान कार्यक्रम | | | | |
| ७. | सबै सामुदायिक विद्यालयहरुको समग्र पक्षको वास्तविक नतिजा हासिल गर्नका लागि विद्यालयहरुको कार्यसम्पादनमा आधारित स्व-मूल्यांकन कार्यक्रम संचालनका लागि स्व-मूल्यांकन मार्गदर्शन विकास तथा छपाई र मूल्यांकन कार्यक्रम संचालन | ६८ | विद्यालय | ५०० | |
| ८. | पालिका स्तरीय सबै विद्यालयका विषयगत शिक्षकहरुको सहभागीतामा सिकाइ संजाल | ६८ | विद्यालय | ४०० | |

| सि न. | क्रियाकलाप | सँख्या | इकाई | बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| | गठन, क्षमता विकास तथा शैक्षिक अन्तरक्रिया कार्यक्रम" संचालन | | | | |
| ९. | "प्रधानाध्यापकहरुको बैठक संचालन तथा सिकाइ आदानप्रदान कार्यक्रम | ६८ | विद्यालय | ३०० | |
| १०. | शिक्षक बैंक स्थापना गर्नका लागि शिक्षक अध्यापन अनुमति पत्र र शिक्षक सेवा आयोगका तयारी कक्षा संचालनका लागि | १०० | जना | ४०० | |
| ११. | बार्षिक शैक्षिक शैक्षिक क्यालेन्डर निर्माण तथा छपाई | ५०० | पिस | १०० | |

| सि न. | क्रियाकलाप | सँख्या | इकाई | बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १२. | कक्षा (१-३) का साक्षरता सहजकर्ताहरुलाई तालिम संचालन | २० | जना | २०० | |
| १३. | श्री दुर्गा सरस्वती मा.वि. बागचौर -१२, बाफुखोला र श्री महेन्द्र मा.वि. बागचौर -१० पिपलनेटाको कक्षाकोठामा (बेन्च डेस्क) फर्निचर खरिदका लागि अनुदान | २ | विद्यालय | १४०० | |
| १४. | बिद्यार्थीहरुको लेखन सिप विकासका लागि बिद्यार्थी अक्षर सुधार कार्यक्रम | १५५० | जना | ६०० | |
| १५. | बाल विकास सहजकर्ताहरुको क्षमता विकास कार्यक्रम तथा शैक्षिक सामग्री | ८२ | जना | ६०० | |

| सि न. | क्रियाकलाप | सँख्या | इकाई | बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| | निर्माण र सिकाइ आदानप्रदान कार्यकम | | | | |
| १६. | शैक्षिक तथ्यांक अध्यावधिक तथा इ-सुपरीवेक्षण सफ्टवेयरनिर्माण तथा खरिद | १ | संख्या | ३०० | |
| १७. | शैक्षिक सुधारका लागि थप अध्ययन तथा अनुसन्धान गर्न बाह्य प्राज्ञिक व्यक्तित्वहरुबाट अध्ययन अनुसन्धान कार्यक्रमका लागि | १ | संख्या | १०० | |
| १८. | आधारभूत तह (१-५) सम्म संचालित विद्यालयहरुमा इ-हाजिरी खरिद तथा जडान | ३० | विद्यालय | ९०० | |

| सि न. | क्रियाकलाप | सँख्या | इकाई | बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १९. | साक्षरता कार्यक्रमका लागि पुस्तक तथा सन्दर्भसामग्री खरिद तथा वितरण | १० | विद्यालय | २०० | |
| | **जम्मा** | | | १३००० | |
| **अक्षरेपी एक करोड तीस लाख मात्र** | | | | | |

**(सङ्घीय सरकारबाट प्राप्त विशेष अनुदान मार्फत गरिने क्रियाकलापहरु अन्तर्गतको)**

## क्रियाकलाप न. ४ सँग संबन्धित

**चालु आर्थिक वर्ष २०८२/०८३ मा Room to Read अन्तर्गतको (कक्षा १-३) मा साक्षरता कार्यक्रम संचालन गर्न छनौट भएका विद्यालयहरुमा कक्षाकोठा तथा पुस्तकालय व्यवस्थापनका लागि अनुदान वितरण गर्न छनौट भएका विद्यालयहरुको नामावली र विनियोजित बजेट**

| सि.न. | विद्यालयको नाम | ठेगाना | विनियोजित बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १. | श्री बुद्द आ.वि.चयालगाउँ | बागचौर न. पा. २ | २६० | |
| २. | श्री जनता आ.वि.खोरबारे | बागचौर न. पा. ४ | २६० | |
| ३. | श्री शिशु दिप आ.वि.कारागाउँ | बागचौर न. पा. ५ | २६० | |
| ४. | श्री नविन भवानी आ.वि. देउरालीडाडा | बागचौर न. पा. ६ | २६० | |
| ५. | श्री बालबोध आ.वि. ठुलागाडाकोट | बागचौर न. पा. ७ | २६० | |
| ६. | श्री शारदा आ.वि. रानिसल्ला | बागचौर न. पा. ८ | २६० | |

| सि.न. | विद्यालयको नाम | ठेगाना | विनियोजित बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|
| ७. | श्री सुर्यप्रकाश आ.वि. कुयापानी | बागचौर न. पा. ९ | २६० | |
| ८. | श्री जनता आ.वि.स्यालागाउँ | बागचौर न. पा. १० | २६० | |
| ९. | श्री जनमुखी आ.वि.चौखीनेटा | बागचौर न. पा. ११ | २६० | |
| १०. | श्री बालकल्याण आ.वि. दाहरखोला | बागचौर न. पा. १२ | २६० | |
| **कुल जम्मा (माथी उल्लेखित क्रियाकलाप ४ अन्तर्गत बिजियोजित बजेटबाट)** | | | **२६००** | |
| **अक्षरेपी छब्बीस लाख मात्र** | | | | |

(ख) प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान मार्फत गरिने क्रियाकलापहरु

आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश सरकारबाट हस्तान्तरित बिशेष अनुदान रु. ६०,००,०००/- कार्यान्वयनका लागि क्रियाकलाप अनुसारको बजेट बिनियोजन

| सि.न. | क्रियाकलाप | सख्या | इकाई | बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | सबै सामुदायिक विद्यालयहरुको शैक्षिक सत्र २०८३ को कार्ययोजना तथा बार्षिक योजना निर्माण सम्बन्धी कार्यशाला | ६८ | विद्यालय | ३०० | |
| २. | शैक्षिक सत्र २०८२ को आधारभूत तह कक्षा ८ को केन्द्रगत परीक्षा संचालन तथा व्यवस्थापन लगायतका परीक्षा सम्बन्धी सम्पूर्ण कार्यहरु | २६ | विद्यालय | १००० | |
| ३. | प्रधानाध्यापकहरुका लागि जिल्ला तथा प्रदेश बाहिरका | ६८ | विद्यालय | ७०० | |

| सि.न. | क्रियाकलाप | सख्या | इकाई | बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| | नमुना तथा उत्कृष्ट व्यवस्थापन गरेका विद्यालयहरुको संयुक्त अध्ययन अवलोकन भ्रमण कार्यक्रम | | | | |
| ४. | स्थानीय पाठ्यक्रम निर्माण कक्षा (१-८) का लागि सरोकारवालाहरुको सहभागीता निर्माण, स्वीकृत र छपाई (५०० पिस) | ६८ | विद्यालय | ३०० | |
| ५. | शिक्षकको पेसागत विकासका लागि आधारभूत तहमा नमुना कक्षा संचालनका लागि शिक्षा परामर्श समिति परिचालन | ५५ | विद्यालय | १०० | |
| ६. | "सामुदायिक विद्यालयमा कार्यरत सबै शिक्षक तथा कर्मचारीहरुका लागि परिचय पत्र वितरणका लागि | ६८ | विद्यालय | २०० | |

| सि.न. | क्रियाकलाप | सख्या | इकाई | बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| | तथ्यांक संकलन सहित छपाई एवं वितरण (सबै विद्यालयका ५४३ जना शिक्षकहरु) | | | | |
| ८. | "डिजिटल हाजिरी र प्रबिधिमैत्री सिकाइ तथा नागरिक वडापत्र, गुनासो सुनुवाई, सूचना अधिकारी सम्बन्धी तालिम अभिमुखीकरण कार्यक्रम | ६८ | विद्यालय | २०० | |
| ९. | राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगीता (सबै मा.वि.) | १३ | विद्यालय | १००० | |
| १०. | सबै सामुदायिक विद्यालयहरुमा सामान्य फर्निचर मर्मतका लागि सिकर्मी परिचालन तथा सामाग्री खरिद | ६८ | विद्यालय | २०० | |
| ११. | सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाइ १५ दिने कम्प्युटर सम्बन्धी आधारभूत तालिम | १०० | जना | ६५० | |

| सि.न. | क्रियाकलाप | सख्या | इकाई | बजेट रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १२. | कक्षा -८ का बिद्यार्थीहरुलाई अतिरिक्त कक्षा संचालन | २५ | विद्यालय | ६५० | |
| १३. | सबै सामुदायिक विद्यालयहरुका लेखापालहरुको क्षमता विकास कार्यक्रम | १३ | विद्यालय | १०० | |
| १४. | कक्षा (४-१२) संचालित सामुदायिक विद्यालयहरुमा रहेको कम्प्युटर, ल्यापटप तथा प्रिन्टर मर्मत सम्भार ( आवश्यकता अनुसार हेरेर) | ५६ | विद्यालय | ४०० | |
| १५. | नगर शिक्षा योजना निर्माणका लागि खर्च तथा छपाइ | १०० | पिस | २०० | |
| | जम्मा | | | ६००० | |
| **अक्षरेपी साठी लाख मात्र** | | | | | |

# परिच्छेद -चार

## कार्यक्रम कार्यान्वयन तथा अनुगमन

### ९. शैक्षिक सुधार कार्यक्रम कार्यविधि कार्यान्वयनमा बिभिन्न निकायको भूमीका

शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन तथा विद्यालय अनुदान व्यवस्थापनमा विभिन्न निकायको भूमिका विद्यालयमा जाने अनुदानको प्रभावकारी एवं दक्षतापूर्ण उपयोगका लागि विभिन्न निकायहरुको दायित्व देहाय अनुसारको हुनेछ ।

**(क) नगर सभा**

संघीय सरकारतथा प्रदेश सरकारबाट विशेष अनुदान कार्यकम मार्फत संचालन हुने कार्यकमहरु संचालनका लागि स्थानीय तह मार्फत विद्यालयहरुमा शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिबृधि गर्नका लागि विशेष अनुदानको बजेट बाडफाड गरी आवश्यक पर्ने मापदण्ड, कार्यविधि तथा निर्देशिका स्वीकृत तथा नियमन गर्ने ।

**(ख) नगर कार्यपालिका**

नगर सभाबाट विनियोजित बजेटको आधारमा सामुदायिक विद्यालयमा रहेका सबै प्रकारको श्रोत साधनहरुको समुचित परिचालन गरि कार्यबिधि बमोजिमका सबै क्रियाकलापहरुलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि सम्बन्धित शाखालाई जिम्मेवार बनाइ कार्यकम कार्यन्वयनका लागि आवश्यक पर्ने निर्णयका साथै विद्यालयको भौतिक, शैक्षिक, व्यवस्थापकीय पक्षहरुको प्रभावकारी,कार्यान्वयन, अनुगमन, मूल्यांकन गर्ने ।

(ग) **नगर शिक्षा समिति** विशेष अनुदान कार्यान्वयनका लागि आवश्यक पर्ने नीतिगत निर्णय गरि कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्यांकन गरि आवश्यक निर्णयका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने ।

**(घ) शिक्षा, युवा तथा खेलकुद शाखाः**

(क) शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि– २०८२ अनुसार तोकिएको क्रियाकलापमा आधारित रही सम्बन्धित विद्यालयमा बजेट निकासा तथा कार्यक्रम कार्यान्वयन र आवश्यक अभिलेख व्यवस्थापन र सम्बन्धित कागजात संकलन तथा व्यवस्थापन र अध्यावधिक गरि सो सम्बन्धी क्रियाकलापहरुको अनुगमन तथा मूल्याङ्कनका साथै सोको प्रतिवेदन पेश गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनका लागि विनियोजित बजेटको कार्यक्रमको खाका तथा लागत अनुमान तयार एवं कार्यान्वयन गरि रकम निकासा एवं भुक्तानीका लागि सम्बन्धित शाखा एवं निकायमा पेश गर्ने ।

(ग) राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगीता संचालनका लागि खेलकुद विकास समितिलाई जिम्मेवारी दिने तथा तथा खेल प्रशिक्षकहरुलाई परिचालन गर्ने ।

**(ङ) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघः**

(क) योजना तथा कार्यक्रम अनुरुप संचालन हुने क्रियाकलापहरुको खरिद, व्यवस्थापन, नियमित अनुगमन गर्ने ।

(ख) कानून बमोजिम कार्यक्रम सम्पन्न भए पश्चात लेखा तथा सामाजिक परीक्षण गराइ सोको प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने ।

(ग) विद्यालयले वार्षिक रुपमा कार्यान्वयन गरेको कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि गर्नुका साथै प्राप्त अनुदानको सम्बन्धित शीर्षकमा मात्रै खर्च गर्ने ।

(ङ) शिक्षा ऐन तथा नियमावलीले तोकेका अन्य कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने |

**(च) प्रधानाध्यापकः**

(क) विद्यालयको वार्षिक बजेट तथा कार्ययोजना तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरि लागु गर्ने ।

(ख) विद्यालयको आवश्यकता तथा औचित्यतामा आधारित रही शैक्षिक अनुदान रकम विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार नगरपालिकामा माग गर्ने ।

(ग) विद्यालयलाई प्राप्त अनुदान तोकिएका शिर्षकमा मात्र खर्च गरी कार्य सम्पादन गर्ने ।

(घ) वार्षिक रुपमा बिद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गर्ने, आर्थिक लेखा परीक्षण तथा सामाजिक परीक्षण गराउने र नियमित रुपमा शिक्षा, युवा तथा खेलकुद शाखामा प्रतिवेदन पेश गर्ने ।

**१०. अनुदान रोक्का सम्बन्धी व्यवस्थाः**

(क) सङ्घीय सरकार वा प्रदेश सरकारबाट प्राप्त योजना तथा कार्यकम कार्यान्वयन गर्न यस कार्यविधिको उद्देश्य बमोजिम शैक्षिक गुणस्तर सुधार गर्ने लक्ष्य प्राप्त नभएमा वा भौतिक सुविधा विस्तार कार्यक्रमको कार्यान्वयन प्रभावकारी नभएको

पाइएमा नगरपालिकाले यस कार्यविधि बमोजिम विद्यालयलाई उपलब्ध गराउने कार्यक्रम रोक्का गर्नेछ ।

**११. विविध :**

(क) यस कार्यविधिमा उल्लेख नभएका विषय विशेष अनुदान सम्बन्धी सङ्घीय तथा प्रदेशको कार्यबिधि तथा संघीय शिक्षा ऐन, नगर शिक्षा ऐन तथा नियमावली, नगर कार्यपालिकाको निर्णय र शिक्षा सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

**१२. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः**

(क) सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान कार्यक्रम कार्यान्वयनका लागि यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

(ख) यो कार्यबिधि स्वीकृत भइ राजपत्रमा प्रकाशित भएको दिन देखि लागु गर्न बाधा पर्नेछैन ।

**१३. संशोधन र बाधा अड्काउ फुकाउः**

(क) यस कार्यविधिमा केहि संशोधन गर्नपरेमा नगर कार्यपालिकालाई संशोधन गर्ने अधिकार दिएइएको छ ।

(ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले

हरि बहादुर कठायत

नि.प्रमुख प्रशासकीय अधिकृत